सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, अछाम

**मंगलसेन, अछाम**

जनक पाध्या
डिभिजनल वन अधिकृत

प.सं: २०८०/०८१
च.न.:

मिति:२०८०/०१/२७

**कृषि वन कार्यक्रमको प्रस्तावना आव्हान सम्बन्धी सूचना**
**(प्रथम पटक प्रकाशित मिति २०८०/१/२७)**

यस कार्यालयको आ.व. २०८०/०८१ को लागि स्वीकृत **राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (संघ ससर्त अनुदान)** अर्न्तगतको **कृषि वन कार्यक्रम** कार्यान्वयनको लागि यस कार्यालयबाट स्विकृत ***कार्यक्रम कार्यान्वयन योजना, २०८०।८१ (यस कार्यालयको वेबसाइट* www.dfoachham.gov.np *बाट डाउनलोड गर्न सकिनेछ)*** बमोजिमका शर्तहरु पालना गरी कृषि वन प्रणाली प्रवर्द्धन गर्न इच्छुक निजी जग्गा धनी, संघ, संस्था तथा कृषक समूहहरुले तोकिएको ढाँचामा प्रस्ताव सहित दरखास्त आव्हानका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन गरेको मितिले १५ दिन ( मिति २०८१/०२/११ गते) भित्र स्विकृत योजना अनुसारको प्रस्ताव डिभिजन वन कार्यालय, अछाममा दर्ता गराउनु हुन सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्र.सं. | आयोजना/क्रियाकलापको विवरण | इकाई | परिमाण | स्वीकृत बजेट रु | साझेदारी रकम | प्रस्तावकहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कृषि वन कार्यक्रम | प्याकेज | १ | ८ लाख | गरिब, विपन्न तथा महिला समूह र सरकारी निकाय बाहेकका प्रस्तावले कम्तीमा ५० प्रतिशत रकम लागत साझेदार गर्नु पर्नेछ। | निजी जग्गा धनी/ संघसंस्था/कृषक समूहहरु/कृषि फर्म/कम्पनी/ उद्यमिहरु | स्विकृत योजनाको अधिनमा रही आवश्यकता अनुसार दुई वा दुई भन्दा बढी प्रस्तावकहरुलाई जिन्सी वन नगद अनुदान उपलब्ध गराउन सकिनेछ। |

**सञ्चालन गरिने प्रमुख क्रियाकलापहरुः**

(१) भौगोलिक सम्भाव्यता तथा उपयुक्तताको आधारमा स्थान विशेष फलफूल, जडिबुटी, मसलाबाली, सुगन्धित वन पैदावार, अम्रीसो तथा डालेघाँस प्रजातीहरुमा आधारित आयमूलक कृषि वनहरुको विकास तथा प्रवर्द्धन क्रियाकलापहरु प्रस्ताव गर्न सकिनेछ ।

(२) क्रियाकलापहरु प्रस्ताव दर्ता गर्दा जग्गा तयारी, खाडल तयारी, मलखाद व्यवस्थापन, बिरुवा खरीद तथा ढुवानी, विरुवा रोपण, सिंचाई व्यवस्थापन जस्ता क्रियाकलायहरुमा खर्च गर्ने गरी प्रस्ताव पेश गर्न सकिनेछ।

**१. पेश गर्नु पर्ने कागजातहरु**

**१.१. निजी जग्गा धनीले पेश गर्नु पर्ने कागजातहरु**

- नेपाली नागरिकताको प्रमाणपत्रको छायाँप्रति,
- जग्गाधनी प्रमाणपूर्जाको छायाँप्रति,
- चालु आ.व. ०८०/८१ मा जग्गाको मालपोत तिरेको रसिदको छायाँप्रति,
- जग्गाको नक्सा,
- स्थानीय तहको सिफारीस पत्र,
- रु १०।- को हुलाक टिकट टाँस गरेको निवेदन
- कार्यक्रम संचानलनको लागि तोकिएको ढाँचा बमोजिमको प्रस्ताव/५ हेक्टर भन्दा बढी भए कृषि वन कार्यान्वयन योजना (Agroforestry Implementation Plan)

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
**डिभिजन वन कार्यालय, अछाम**
**मंगलसेन, अछाम**

जनक पाध्या
डिभिजनल वन अधिकृत

**१.२. संघसंस्था/कृषक समूहहरु/सहकारी संस्था/वन समूह/कृषि फर्म/ कम्पनी/उद्यमिहरुले पेश गर्नु पर्ने कागजातहरु :**

- कार्य समितिको निर्णय प्रतिलिपी,
- PAN वा VAT मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी,
- गत आ.व. ०७९।८० को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी,
- कार्यक्रम कार्यान्वयन हुने स्थल (जग्गा) को स्वामित्व देखिने कागजातको (जग्गाधनी प्रमाणपूर्जा) प्रतिलिपी,
- चालु आ.व. ०८०।८१ मा जग्गाको मालपोत तिरेको रसिदको छायाँप्रति,
- जग्गा लिजमा लिएको भए १० बर्षे करारनामा वा सम्झौता पत्र,
- प्रचलित कानुन बमोजिम आधिकारीक निकायमा संघसंस्था/कृषक समूहहरु/कृषि फर्म/ कम्पनी दर्ता एवं नविकरण भएको प्रमाणपत्र,
- गत आ.व. ०७९/८० को लेखा परिक्षण प्रतिवेदन,
- लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र,
- स्थानिय तहको सिफारीस,
- कार्यक्रम संचानलनको लागि तोकिएको ढाँचा बमोजिमको प्रस्ताव/५ हेक्टर भन्दा बढी भए कृषि वन कार्यान्वयन योजना (Agroforestry Implementation Plan) ,
- कार्यविधिमा उल्लेख भएको थप कागजातहरु ।

थप जानकारीको लागि कार्यालय समयभित्र फोन नं.०९७-६२०१४५ वा मो.नं. ९८४६२६०२०९ मा सम्पर्क गर्नु हुन अनुरोध छ । साथै यस कार्यालयको वेवसाइट **www.dfoachham.gov.np** बाट कार्यान्वयन योजना तथा सुचना डाउनलोड गर्न सकिनेछ ।

**२. कृषि वन प्रणाली प्रवर्द्धनका कार्यक्रमको लागि पेश गर्नु पर्ने प्रस्तावनाको ढाँचा**

१. परिचय : (संस्था/निजी कृषकको परिचय, कार्यक्षेत्र, कार्य विषय र अनुभव लेख्ने)
२. कार्यक्रम संचालन हुने जग्गा रहेको ठेगाना, चारकिल्ला, क्षेत्रफल, कि.नं. आदि
३. कार्यक्रम संचालन हुने भूगोल, संरचना, पूर्वाधार-क्षमता आदि विवरणका साथै अवस्थिति झल्किने नक्शा, क्षेत्रफल (सम्भव भए जी.पी.एस.लोकेशन सहित),
४. अन्य निकाय संघसंस्थासंग समन्वय गरी कार्य गरेको/गर्ने भए सो को विवरण,
५. कार्यक्रम संचालनमा सरोकारवाला/साझेदारहरु को को छन् ?,
६. कार्यक्रम संचालन एवं व्यवस्थपनका उद्देश्यहरु,
७. कार्यक्रमका विशेषताहरु,
८. कार्यक्रम संचालनका फाइदाहरु (कृषि क्षेत्र, वन क्षेत्र, वातावरणीय क्षेत्र, सामाजिक र आर्थिक लाभाशंहरु आदि),
९. हालसम्मको अनुभव र उपलब्धिहरु,
१०. अपेक्षित उपलब्धिहरु
११. कार्यक्रम संचालन गर्नुको प्रतिवद्धता र विश्वसनियता,
१२. जोखिम न्यनीकरणका उपयाहरु,
१३. प्रस्तावित क्षेत्रको तस्वीरहरु,
१४. आर्थिक प्रस्ताव, १५. विविध ।

Scanned with CamScanner